*“धनकुटा नगर : स्वच्छ सुन्दर समुन्नत शहर”*

# धनकुटा नगरपालिका प्लाष्टिक झोला नियन्त्रण अभियान २०६९



## प्लाष्टिक झोला नियन्त्रण किन ?

- घरायसी फोहोर प्लाष्टिक झोलामा राखी फालिने गरिएकोले फोहोरको मात्रा बढछ ।
- प्लाष्टिक झोला माटोमा मिसिँदा गल्न धेरै वर्ष लाग्छ, यसमा रहेको हानिकारक तत्वले माटोको उर्वराशक्ति घटाउँछ ।
- प्लाष्टिक झोला जथाभावी फ्याँक्दा सुन्दर शहर फोहोर देखिने मात्र नभई पर्यावरणमा असर गर्छ ।
- प्लास्टिकलाई जलाउँदा निस्कने हाइड्रोकार्बन र क्लोरोफ्लोरो कार्वन नामक विषालु ग्याँसले फोक्सोलाई असर गर्दछ र क्यान्सर रोगलाई निम्त्याउँछ ।
- कालो प्लाष्टिकमा मिसावट भएको हानिकारक रसायनले एलर्जी, पेटको समस्या, दम, ब्रोङकाइटिस र क्यान्सर लगायतका रोगहरु लाग्न सक्छ ।
- प्लाष्टिक झोलामा मिसावट भएको पोलिइथिलिन, पोलिभाइनाइल क्लोराइड, पोलिस्टेरिन जस्ता रसायन खानेकुरामा मिसिए यसले प्रयोगकर्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने र बच्चाहरुको मानसिक तथा शारीरिक विकासमा असर पार्छ ।
- प्लाष्टिक झोला जथाभावी फयाँक्दा ढल थुनिएर सडक एवं अन्य संरचनाहरुमा क्षति पुग्छ, ढलमा जम्मा भएको फोहोर पानीले लामखुट्टे बढछ ।
- प्लाष्टिक झोलाको कारणले जथाभावी पहिरो जाने, पानीका मुहानहरूमा क्षति पुग्ने जस्ता समस्याहरू आउँछन् ।
- फोहोरमा मिसिएको प्लास्टिकलाई गाईवस्तु तथा जनावरले खाएमा गाईवस्तु तथा जनावरलाई हानी पुऱ्याउँछ ।

## त्यसैले,

- प्लाष्टिक झोलाको बेचबिखन छाडेर जुट तथा कपडाको झोला र कागजको थुँगा बेचबिखन तथा प्रयोग गरौं ।
- बजारमा किनमेलको लागि जाँदा घरबाटै जुट तथा कपडाको झोला बोक्ने बानी गरौं ।
- बजारबाट अनावश्यक रूपमा प्लाष्टिक झोला बोकेर घरमा ल्याई फोहोर बढाउने काम नगरौं ।
- प्लाष्टिकजन्य फोहोरलाई छुट्याएर मात्र डस्टविनमा राखौं ।
- सुन्दर पर्यटकीय नगर धनकुटाको सौन्दर्य अभिबृद्धि गर्न आजैदेखि लागौं ।

wनकुटा नगरपालिका कार्यालय

सिम नेपाल आयोजना धरान धनकुटा उद्योग वाणिज्य संघ

नमस्ते नेपाल, धनकुटा

थप जानकारी एवं सुझावको लागि

Website : www.mundhankuta.gov.np

*‘धनकुटा नगरको आवहान–प्लाष्टिक मुक्त अभियान’*